# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २१] काठमाडौं, चैत्र २० गते २०२८ साल [अतिरिक्ताङ्क ५९

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

विभूषण (छैठौं संशोधन) नियमावली २०२८

बिभूषण नियमावली २०२३ (यस नियमावलीमा यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराजबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ :–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम विभूषण (छैठौं संशोधन) नियमावली २०२८ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ७५ को उप-नियम (१) मा संशोधनः– मूल नियमावलीको नियम ७५ को उप-नियम (१) को चौथो पंक्तिमा रहेको प्रत्येक वर्ष चैत्र मसान्तसम्ममा भन्ने शब्दहरूको सट्टा देहायबमोजिमको शब्दहरू राखिएको छ :–

"प्रत्येक वर्ष कार्तिक मसान्तसम्ममा"

३. मूल नियमावलीको नियम ७५ को उप-नियम (३) मा संशोधनः– मूल नियमावलीको नियम ७५ को उप-नियम (३) को दोस्रो पंक्तिमा रहेको "बैशाख मसान्तसम्ममा" भन्ने शब्दहरूको सट्टा देहायबमोजिमको शब्दहरू राखिएको छ :–

"मार्ग पच्चिस गतेसम्ममा"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम ७७ को उप-नियम (२) मा संशोधनः– मूल नियमावलीको नियम ७७ को उप-नियम (२) को सट्टा देहायबमोजिमको उप-नियम (२) राखिएको छ–

"(२) विभूषण पाउने व्यक्तिलाई सो विभूषणको प्रतीक समूह तथा शाही अधिपत्र प्रत्येक वर्ष बैशाख १ गतेका दिन सुशोभन समारोहमा परमाधिपतिबाट बक्सनेछ।

तर– (क) परमाधिपतिबाट चाहिबक्सेमा जुनसुकै दिन पनि माथि लेखिएबमोजिम शाही अधिपत्र तथा प्रतीक समूह बक्सन सकिबक्सनेछ।

(ख) परमाधिपतिबाट विशेष परिस्थितिमा सुशोभन समारोह विना पनि विभूषणका प्रतीकहरू लगाउने अधिकार बक्सन सकिबक्सनेछ।

(ग) यो नियममा जेसुकै कुरा लेखिए तापनि परमाधिपतिबाट मौसूफको जन्मोत्सवमा प्रदान गरिने विभूषणहरू यो एक पटकलाई २०२९ साल बैशाख १ गते प्रदान गरिबक्सनेछ र यसको सुशोभन समारोह सोही सालको फूलपातिका दिन हुनेछ।"

हुकुमबक्सेबमोजिम
मि.मु. ईश्वरीमान श्रेष्ठ
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228